नगर कार्यपालिकाको
बैठक संख्या: ७१, २०७९-२०८४
मिति २०८२/१२/२२ को
निर्णय प्रमाणित ..........

**कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ७१, २०७९-२०८४)**

मिति : २०८२ चैत्र २२ गते

**निर्णयहरुः**

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. आ.व २०८१/०८२ मा ९ नं. वडा कार्यालयमा २५ लि. खानेपानी फिल्टर लगाए वापतको भुक्तानी दिन बाँकी छुट भएको रकम रु.४५,२००।- श्री कर्णाली कृष्ण प्युरीफायर प्रा.ली लाई भुक्तानी दिन बाँकी दायित्व अनुसुची ०४ सि.नं. १७८ बाट भुक्तानी दिने ।

३. कोहलपुर नगरपालिका वडा नं. २ ट्रायल सेन्टर वरपिपल चोक हुँदै पुष्पनगर चोक अधुरो सडक कालोपत्रे निर्माणका लागि भैपरी आउने पुँजीगत शीर्षकबाट रु.४,५०,०००।- भुक्तानी दिने ।

४. यस नगरपालिकाको स्वीकृत अस्थायी दरबन्दीमा कार्यरत केही नगर प्रहरी कर्मचारीहरुले व्यक्तिगत कारण देखाई पेश गरेको राजिनामा स्वीकृत भईसकेको र नगर प्रहरीको कार्यचापका आधारमा रिक्त नगर प्रहरी जवान ४ र नगर प्रहरी परिचर १ को करारमा पदपूर्तीका लागि भर्ना छनौट प्रक्रियामा आवश्यक सहयोगका लागि सशस्त्र प्रहरी बल, नेपाल सशस्त्र प्रहरी जवान तालीम शिक्षालय नौबस्ता, बाँकेलाई अनुरोध गर्ने ।

५. कोहलपुर नगरपालिकामा नयाँ कृषि हाटबजार तथा शित भण्डार स्थापना गर्न आवश्यक नरहेको तर हाल सञ्चालनमा रहेका देहाय बमोजिमका कृषि हाटबजार तथा शित भण्डार स्तरोन्नती क्षमता विस्तार तथा पुनर्निमाणका लागि बजेट आवश्यक रहेकाले सङ्घीय सरकारसँग प्रस्ताव गर्ने ।

तपसिलः

क. हवलदारपुर कृषि हाट बजार, कोहलपुर १४
ख. कृषि हाट बजार, कोहलपुर ११
ग. भेरी शित भण्डार सहकारी लिमिटेड

६. कोहलपुर नगरपालिका ७ नं. वडा कार्यालयको मिति २०८२/१२/२२ को पत्रानुसार शहरी स्वास्थ्य केन्द्र, कोहलपुर ७ को भवन निर्माणका लागि ठेक्का प्रक्रिया अगाडी बढेकाले हाल सञ्चालनमा रहेको पुरानो जिर्ण भवन भत्काउनका लागि अनुमति माग भई आएकोमा उक्त पुरानो जिर्ण भवन भत्काउन अनुमती प्रदान गर्ने ।

७. कोहलपुर नगरपालिका वडा नं. ११ लोकनगर स्थीत पिछडा वर्ग वादी विकास उत्थान संघ र गन्धर्व विपन्न अल्पसंख्यक साँस्कृतिक संरक्षण संस्थाको भवन निर्माणका लागि सेफ सोसाईटी नेपाल, धुलिखेल ६, काभ्रेपलाञ्चोकबाट दुई तले भवन निर्माण गरिदिने योजना रहेकाले उक्त भवन निर्माण हुने जग्गामा रहेको पुरानो जिर्ण भवन भत्काई नयाँ भवन निर्माणका लागि अनुमती प्रदान गर्ने ।

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ७१, २०७९-२०८४
मिति २०८२/१२/२२ को
निर्णय प्रमाणित ..........

८. नगरकार्यपालिका चालु भौ.नं. १४०, आ.व. २०८१।०८२, चेक नं. ३१४७०८०६ रकम रु ८२,५३५।- को श्री चन्द्रज्योति सानिमा कृषि सहकारी सस्थांको नाममा चेक जारी भएकोमा निर्धारित समयमा चेक साट्न बाँकि भई भुक्तानी छुट भएकाले पून भुक्तानीका लागी पेश गरेकाले नीजलाई उक्त रकम भैपरी आउने चालु बाट हुनेगरी भुक्तानी दिने।

९. कोहलपुर बृहत शहरी खानेपानी उपभोक्ता संस्था, कोहलपुर ११, बाँकेको कोहलपुर नगरपालिका वडा नं. १२ र १३ मा शुद्ध खानेपानी वितरणका लागि तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन कार्यसूची स्वीकृत गर्ने ।

१०. कोहलपुर नयाँ बसपार्क भित्रको शौचालय सञ्चालनका लागि ठेक्कामा लिएको फेसबुक मल्टि सर्भिसेज प्रा.लि. ले मिति २०८२/०९/१६ मा यस कार्यालयमा ठेक्का नियमितताका लागि सम्झौतामा व्यवस्था भएको शौचालयको संकलन शुल्क फेरबदल गरिदिने वा सम्झौता रद्द गरिदिन हुन भनी निवेदन पेश गरेकोमा सम्झौताका शर्तहरु फेरबदल गर्न नसकिने भएको कारण सो सँग गरिएको सम्झौता रद्द गरी शौचालय ठेक्का व्यवस्थापनका लागि पुनः सूचना प्रकाशन गरी प्रक्रियामा जाने ।

११. कोहलपुर नगरपालिका २ नं. वडा कार्यालयको सिफारिस बमोजिम आर्थिक सहायता वापत श्री अनिल बटालालाई Deluxe Reclining Wheelchair खरिदका लागि आ.ब. २०८२/०८३ को बजेट पुस्तिका पेज नं. १५० सि.नं. १३४ बाट भुक्तानी हुने गरी प्रदान गर्ने ।

१२. यस नगरपालिकामा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत रहेको हेलो सरकार मार्फत आएका गुनासोहरुको सन्दर्भमा बैठकमा जानकारी गरी छलफल गरियो । प्राप्त गुनासोहरु सम्बन्धित शाखा/ वडा एवं सरोकारवाला पक्षहरुसँगको समन्वयमा समाधान गर्ने ।

१३. नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०८२/०७/१७ को निर्णयानुसार आन्तरिक राजस्व विभाग अन्तर्गतका सबै करदाता सेवा कार्यालयहरु खारेज भई उक्त कार्यालयहरुबाट सम्पादन हुँदै आएका कार्यहरु कोष तथा लेखा नियन्त्रक कार्यालय तथा स्थानीय तहबाट सेवा प्रवाह सुचारु भई संचालनमा रहेकोमा उक्त सेवालाई देशव्यापी रुपमा बिस्तार गर्ने नीति अनुरुप करदाता सेवा कार्यालयहरुबाट प्रवाह हुँदै गरेका सेवाहरु स्थानीय तहहरुबाट प्रवाह गर्ने सम्बन्धी कार्यसञ्चालन कार्यबिधी(SOP) र समझदारी पत्र(TOR) को अधिनमा रही थप स्थानीय तहहरुबाट समेत सेवा प्रवाह गर्न सकिने व्यवस्था रहेको र यस नगरपालिकाबाट समेत सेवा बिस्तार गरी सेवा प्रवाह सुचारु गर्न आवश्यक देखिएकाले सेवा विस्तारका लागि आवश्यक सहयोग गरिदिनु भनी आन्तरिक राजस्व कार्यालय, नेपालगञ्ज, बाँकेको मिति २०८२/१२/१८ को पत्र प्राप्त भएकाले स्थानीय तहबाट प्रवाह हुने सेवा बिस्तारका लागि आवश्यक व्यवस्थापन गरी सेवा प्रवाह सञ्चालन गर्ने ।

१४. नगरपालिका अन्तर्गत रहेका देहायका समितिहरुको विभिन्न मितिको निर्णयहरु अनुमोदन गरी कार्यान्वयन गर्ने ।

क. यस नगरपालिकामा गठित भूमि सम्बन्धी अधिकार सम्पन्न समितिको मिति २०८२ चैत्र ८ गतेका निर्णयहरु ।

ख. बसपार्क व्यवस्थापन समितिको मिति २०८२ चैत्र १५ गतेका निर्णयहरु ।

मनु बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ७१, २०७९-२०८४
मिति २०८२/१२/२२ को
निर्णय प्रमाणित .........

ग. रोजगार सेवा केन्द्र कोहलपुर नगरपालिका,स्थानीय निर्देशक समितिको मिति २०८२ चैत्र ३ गतेको निर्णयहरु ।

घ. कोहलपुर नगरपालिका वन वातावरण संरक्षण तथा विपद व्यवस्थापन समितिको मिति २०८२/१२/२२ गतेको निर्णय

१५. कोहलपुरको नहर, साइनिङ स्टार, डाडागाउँ र भवानीपुर टोल कोइरालाको घरदेखि वडा नं. १४ को सिमाना प्रकाश के.सी. को घरसम्म माटो पटान र ग्राभेल कार्यका लागि भैपरी आउने पुँजिगत शीर्षकबाट रु.२,५०,०००।– (दुई लाख पचास हजार) भुक्तानी हुने गरी कार्य गर्ने ।

१६. तराई-मधेश समृद्धि कार्यक्रम केन्द्रिय समन्वय इकाईको तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधी, २०८२ बमोजिम आयोजना/कार्यक्रम माग/प्रस्ताव पेश गर्ने सम्बन्धी मिति २०८२/११/२५ गते प्रकाशित सुचना अनुसार यस नगरपालिकाबाट देहायका योजनाको सिफारीस गर्ने।

क. कोहलपुर नगरपालिका ठाडा गाउँ देखि तमौलिपुर हुंदै खजुरा गा.पा. र जानकी गा.पा. जोड्ने सडक स्तरोन्नती

१७. स्थानीय पूर्वाधार विकास आयोजना कार्यालयको बैकल्पिक सडक योजना सिफारिस गर्ने सम्बन्धी पत्र प्राप्त भएकोमा यस नगरपालिकाबाट देहायका योजनाहरु सिफारिस गरी पठाउने ।

क. महेन्द्र राजमार्ग वडा नं. ५ कार्यालय हुँदै सिद्धार्थ मा.बि. देखि रत्न राजमार्गको त्रि.मा.बि. जोड्ने सडक कालोपत्रे ।

ख. महेन्द्र राजमार्ग मदनचोकदेखि हवलदारपुर जोड्ने सडक स्तरोन्नती ।

ग. रत्न राजमार्ग पिपरी हुँदै महेन्द्र राजमार्ग रोहिणी जोड्ने सडक स्तरोन्नती ।

घ. रत्न राजमार्ग वडा नं. २ सालको बोट हुँदै लोकनगर, प्रेमनगर महेन्द्र राजमार्ग जोड्ने सडक स्तरोन्नती ।

ङ. कोहलपुर रिङ्रोड गोहवा गाउँदेखि वडा नं. १५ चौधरीया हुँदै बैजनाथ गा.पा. जानकी गा.पा.को सिमाना जोड्ने सडक स्तरोन्नती ।

च. रत्न राजमार्गको कोहलपुर साझा चोक देखि कोहलपुर १३ सिमरी गाउँ हुंदै महेन्द्र राजमार्ग जोड्ने बाटो ।

१८. कोहलपुर नगरपालिकाको फोहरमैला व्यवस्थापन कार्यका लागि उपयोग गरिदैं आएको सरस्वती सामुदायिक वनको जग्गामा फोहरमैलाको दिगो व्यवस्थापनका लागि आवश्यक पूर्वाधार सहितको संरचना बनाउन आवश्यक पर्ने अनुमानित १०(दश) हेक्टर जग्गा उपलब्ध गराउन, साथै उक्त संरचना बनाउनका लागि सहमती र आवश्यक प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन(IEE) र बिस्तृत परियोजना प्रतिवेदन (DPR) गर्ने पूर्वस्वीकृतिका लागि सरस्वती सामुदायिक वनलाई अनुरोध गर्ने ।

१९. कोहलपुर नगरपालिका वडा नं. ६ मा भुमि सम्बन्धी जग्गा नाँप जाँच कार्यमा खटिएका प्राविधिक कर्मचारी (अमिन) श्री क्षितिज रेग्मी र श्री अनिल थारुलाई चेनमेनको रुपमा काम काज गरे वापत मिति २०८२ साल असार महिनामा १७ दिनको रकम जनही रु.१०,२००।- का दरले उपलब्ध गराउने ।

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ७१, २०७९-२०८४
मिति २०८२/१२/२२ को
निर्णय प्रमाणित ..........

२०. आ.व. २०८२/०८३ मा संघिय शसर्त कार्यक्रम अन्तर्गत निर्मित गुरुयोजनाको आधारमा स्थानीय तहको साझेदारीमा भौतिक निर्माण अनुदान शिर्षकमा प्राप्त बजेटबाट निर्माणाधिन श्री ज्ञान ज्योती मा.बि. बगियामा अधुरो भवन निर्माण कार्यकालागी पेश भए बमोजिमको १२.६८% भेरीयसन आदेश स्वीकृत गर्ने ।

२१. कोहलपुर नगरपालिका वडा नं. १४ स्थीत श्री सिर्जना बाल नमुना प्राथमिक विद्यालयको प्राप्त पत्र अनुसार यस कोहलपुर नगरपालिका द्वारा निर्मित २ कोठे भवनको घुम्तीको ढोका नभएकोले विद्यार्थीलाई चोट पटक लाग्ने जोखिम रहेको हुँदा विद्यालय पूर्वाधार निर्माण तथा गुणस्तर अभिवृद्धि कार्यक्रम हुने गरी प्राबिधिक स्टिमेट अनुसार रु.७२,८५०(बहत्तर हजार आठ सय उन्नाईस) व्यवस्था गर्ने ।

२२. कोहलपुर नगरपालिका वडा नं. १४ मा रहेको व्याडमेन्टिन कवर्डहलमा कार्पेट तथा पिफम खरिदका लागी भैपरी आउने चालु खर्च शिर्षकबाट हुने गरी रु.१,००,०००।–(एक लाख) व्यवस्था गर्ने ।

२३. कोहलपुर नगरपालिकाको शिक्षा क्षेत्रको उपलब्धीहरुलाई अभिलेखिकरण गर्न भिडियो सामाग्री उत्पादन गरे वाफत कोहलपुर मिडिया हाउस प्रा.ली. लाई चालु भैपरी आउने शिर्षकबाट रु.१,००,०००।– (एक लाख) उपलब्ध गराउने

२४. यस नगरपालिकाबाट आगामी आ.ब. २०८३/०८४ को लागी प्रदेश समपुरकका लागी देहायको प्राथमिकता क्रम अनुसार योजनाहरु सिफारिस गरी पठाउने ।

अ) रत्न राजमार्ग साइनिङ स्टार स्कुलदेखी सितलनगर,नयाँ बस्ती हुँदै झरकट्टि जोड्ने बाटो स्तरोन्नति।
आ) कोहलपुर १३ सिमरी पुलदेखी स्कुलसम्म बाटो स्तरोन्नति ।
इ) महेन्द्र राजमार्ग चप्पलगौडी देखि मसुरी खेत जोड्ने बाटो स्तरोन्नति ।

२५. कोहलपुर नगरपालिका वडा नं.३ मदन चोकमा रहेको मदन चोक भित्री सडक दुवै तर्फ कालोपत्रेका लागी भैपरी आउने पुंजीगत शिर्षकबाट हुने गरी रु.२,५०,०००।– (दुई लाख पचास हजार) व्यवस्था गर्ने ।

२६. कोहलपुर १४ नगर स्वास्थ्य प्रवर्द्धन केन्द्रमा जन स्वास्थ्य निरीक्षक पदमा कार्यरत श्री प्रभा बुढाथाकी को निवेदन अनुसार निजलाई मिति २०८२/०३/११ गतेको निर्णय अनुसार कामकाजका लागी नगर स्वास्थ्य प्रवर्द्धन केन्द्र(शम्शेरगंज स्वास्थ्य चौकी) खटाइएकोमा उक्त संस्थाको हाल रिक्त रहेको जन स्वास्थ्य निरीक्षक पदमा निज प्रभा बुढाथोकीलाई पदस्थापना गर्ने ।

२७. नरैनापुर गाउँपालिका ५ नं. वडा कार्यालयको मिति २०८२/११/०५ गतेको पत्र अनुसार सोहि वडा निवासी पृथीराम गोडियाको घरमा मिति २०८२/१०/०९ गते आगलागी भई क्षती भएको र आर्थीक अवस्था अत्यान्त कम्जोर रहेकोले निज गोडियाको घर छाउन भैपरी आउने चालु शिर्षकबाट रु. २०,०००।– (बिस हजार) बरावरको टिन खरिद गरी हस्तान्तरण गर्ने ।

२८. कोहलपुर नगरपालिका वडा नं.३ कल्पना रानाको घर देखि राम मन्दिर सम्म पक्की नाली निर्माणका लागी भैपरी आउने पुंजीगत शिर्षकबाट हुने गरी रु.२,२५,०००।–(दुई लाख पच्चीस हजार) व्यवस्था गर्ने ।

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

२९. कोहलपुर व्याडमिन्टन क्लवको आयोजनामा कोहलपुर १४ मा हुने कोहलपुर मेयर कप राष्ट्रिय व्याडमिन्टन प्रतियोगिता २०८३ संचालन तथा व्यवस्थापनका लागी कोहलपुर नगरपालिकाको आ.ब. २०८२/०८३ को बजेट पुस्तिका पेज नं. १७४ सि.नं. ३९३ खुल्ला डबल व्याडमिन्टन प्रतियोगिता २०८२ बाट रु.२,००,०००।–(दुई लाख) र अपुग रकम रु. २,००,०००।–(दुई लाख) खेलकुद प्रवर्द्धन शिर्षकबाट हुने गरी व्यवस्था गर्ने ।

३०. कोहलपुर नगरपालिका वडा नं. १४ गीतापुरमा नाली निर्माणका लागि कोहलपुर नगरपालिकाको आ.ब. २०८२/०८३ को बजेट पुस्तिका पेज नं. १७० सि.नं. ३६२ विभिन्न टोल बस्तीहरुमा नाली निर्माण शीर्षकबाट रु.९,००,०००।– भुक्तानी हुने गरी निर्माण कार्य गर्ने ।

३१. कोहलपुर नगरपालिका वडा नं. १४ चिडिमार बस्तीमा निर्माणका लागि कोहलपुर नगरपालिकाको आ.ब. २०८२/०८३ को बजेट पुस्तिका पेज नं. १७० सि.नं. ३६२ विभिन्न टोल बस्तीहरुमा नाली निर्माण शीर्षकबाट रु.४,५०,०००।– भुक्तानी हुने गरी निर्माण कार्य गर्ने ।

३२. कोहलपुर नगरपालिका १५ नं. वडा कार्यालयको मिति २०८२/१२/२२ गते को प्राप्त पत्र अनुसार वडा नं. १५ चौधरीया, प्रसेनीपुर हुँदै बैजनाथ गा.पा.सिमाना जोड्ने बाटोमा पर्ने गौरीया नालामा पर्ने पक्की पुल पुरानो भई जिर्ण अवस्थामा रहेको हुँदा उक्त स्थानमा नयाँ पुल निर्माणको लागी बिस्तृत परियोजना प्रतिवेदन (DPR) का लागी परामर्श सेवा शिर्षकबाट हुनेगरी प्रक्रिया अगाडि बढाउने ।

३३. नेपालगंज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुरको मिति २०८२/११/१९ गतेको चलानी नं.७७४को पत्र र मिति २०८२/११/१९ गतेको चलानी नं. ७७५ को पत्र अनुसार नेपालगंज मेडिकल कलेज र कोहलपुरले आमा सुरक्षा कार्यक्रम मार्फत सेवाग्राहिहरुलाई स्वास्थ्य सेवा प्रदान गर्दै आएकोमा विविध कारणले केही समय देखि उक्त कार्यक्रम स्थगन भएको हुंदा नगरपालिका संग सम्झौता गरी आमा सुरक्षा कार्यक्रम संगै शिशु सुरक्षा कार्यक्रम कार्यान्वियन गर्नेगरी पुनः संचालनका लागी सम्झौता गर्ने र आमा सुरक्षा कार्यक्रमको लागी स्वास्थ्य सेवा विभाग, परीवार कल्याण महाशाखामा सिफारीस गर्ने।

३४. कोहलपुर नगर इसाई समाज, कोहलपुर बाँकेको आयोजनामा सञ्चालन हुने श्रीमान्/श्रीममती वीचको आपसी सम्बन्ध तथा परिवार व्यवस्थापन सम्बन्धी तालिम कार्यक्रमका लागि आ.ब. २०८२/०८३ को बजेट पुस्तिका पेज नं. १४० सि.नं. ४२ धर्म, कला संस्कृति संरक्षण तथा प्रबर्द्धन कार्यक्रम शीर्षकबाट रु.१,००,०००।– उपलब्ध गराउने ।

३५. आ.ब. २०८२/०८३ को वडा तर्फको सिलिङ्बाट छनौट गरिएका देहायका योजनाहरुको संशोधनका लागि वडा समितिबाट निर्णय भै आएकोले आगामी नगरसभाबाट अनुमोदन हुने गरी स्वीकृत गर्ने ।

**वडा नं. १० (वडा समितिबाट निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| | | तेज बहादुर के.सी. को घर पछाडी डाँगी टोलमा अधुरो नाली निर्माण | १,५०,००० | २०८२/०६/१९ को वडा समिति |

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ७१, २०७९-२०८४
मिति २०८२/१२/२२ को
निर्णय प्रमाणित ........

| | | | | |
|---|---|---|---|---|
| १ | भैपरी आउने विविध(सि.नं. २७४) | क्रियटिभ युथ क्लब फुटबल प्रतियोगिता | १५,००० | निर्णय |

**वडा नं. ५ (वडा समितिबाट २०८२/०९/२२ मा निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | जनप्रतिनिधी तथा कर्मचारी भ्रमण अवलोकन (सि.नं.१८४) | रिता सुनारको घरदेखि दक्षिण तर्फ आर.सि.सि. नाली निर्माण | १,५०,००० | वडा समितिको मिति २०८२/०९/२२ मा निर्णय भएको |
| २ | बालविकासका बालबालिकाहरुका लागि शैक्षिक सामाग्री वितरण (सि.नं. १८५) | नारायण टोल र घिमिरे टोलमा विद्युत पोलमा बिजुली बत्ति जडान | ७५,००० | |

**वडा नं. १३(वडा समितिको विभिन्न मितिमा निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ८० वर्ष माथिका ज्येष्ठ नागरिकलाई कम्मल वितरण कार्यक्रम(सि.नं. ३२६) | ज्येष्ठ नागरिकहरुलाई झुल खरिद एवं वितरण | १,००,००० | वडा समितिको मिति २०८२/११/२५ मा निर्णय भएको |
| २ | भरैया डम्वर बहादुर खड्काको घर नजिक योगा हल निर्माण(सि.नं. ३४९) | कोहलपुर १३ नं. वडा कार्यालय परिसरमा योगा हल निर्माण | ३,००,००० | वडा समितिको मिति २०८२/१०/२८ को निर्णय |
| ३ | महिला तथा किशोरीको सीप विकासको लागि टपरी बुन्ने तालिम कार्यक्रम | सिम्रीमा गाउँ घर स्वास्थ्य क्लिनिक निर्माण | ३,००,००० | वडा समितिको मिति २०८२/१२/२२ को निर्णय |

**वडा नं. १४(वडा समितिको विभिन्न मितिमा निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | पत्रपत्रिका तथा छपाई खर्च | कोहलपुर मिडिया हाउस प्रा.लि. वडाको भिडियो डकुमेन्ट्री निर्माण | ५०,००० | |

**वडा नं. ३(वडा समितिको विभिन्न मितिमा निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १ | कला संस्कृति संरक्षण (सि.नं. १४९) | कोहलपुर मिडिया हाउस प्रा.लि. वडाको भिडियो डकुमेन्ट्री निर्माण | ४०,००० | वडा समितिको मिति २०८२/१२/१७ को निर्णय |
| २ | खेलकुद सामाग्री वितरण (सि.नं. १५१) | शान्तीचोक देखि पश्चिम सडक मर्मत | ७०,००० | |
| ३ | ३ नं. प्रहरी बिट पूर्वाधार निर्माण (सि.नं. १६४) | शान्तीचोक देखि पश्चिम सडक मर्मत | ४५,००० | |

**वडा नं. ९(वडा समितिको विभिन्न मितिमा निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | स्वास्थ्य तथा शिक्षा (सि.नं. २६३) | आधारभूत स्वास्थ्य केन्द्रको घेरबार र जनज्योति आ.बि. परिसरमा पुर्वाधार निर्माण | २,००,००० | |
| २ | खानेपानी तथा सरसफाई (सि.नं. २५९) | वडा नं. ९ का विभिन्न टोलमा धारा जडान | ४,००,००० | |

**वडा नं. १२(वडा समितिको विभिन्न मितिमा निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि र सिचाई(सिंचाइ कुलो मर्मत) (सि.नं. ३२२) | विविध खर्च | १,५०,००० | वडा समितिको मिति २०८२/१०/२५ को निर्णय |

**वडा नं. २(वडा समितिको विभिन्न मितिमा निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | आकस्मिक सेवा तथा विविध तर्फ (सि.नं. १३४) | शंकर राईस मिल पछाडीको र वनखेतको बाटो स्तरोन्नती | ६,००,००० | वडा समितिको मिति २०८२/११/२९ को निर्णय |
| २ | जनप्रतिनिधी तथा कर्मचारीको अवलोकन भ्रमणको खर्च (सि.नं. १३६) | समरसेल मोटर जडान | १,५०,००० | वडा समितिको मिति २०८२/१२/१९ को निर्णय |
| ३ | युवा स्वरोजगार/ अपाङ्ग/ एकल महिलालाई क्षमता विकास तथा सिप मुलक तालिम/ सामाग्री वितरण | समरसेल मोटर जडान | ९३,००० | वडा समितिको मिति २०८२/१२/१९ को निर्णय |
| | | विभिन्न टोलमा ह्युमपाईप/ ग्राविल तर्फको अपुग भुक्तानी | ३,०७,००० | |

**शिक्षा तथा खेलकुद**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | खेलकुद बुलेटिन प्रकाशन (सि.नं.३९२) | खेल सामाग्री खरिद | १,००,००० | |



मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ७१, २०७९-२०८४
मिति २०८२/१२/२२ को
निर्णय प्रमाणित ..........

३६. कोहलपुर नगरपालिका चालु आ.व.२०८२/०८३ मा सञ्चालित योजनाहरुमध्ये वि.सं. २०८२/०६/२१ देखि २०८२/१२/३० सम्म नगरस्तरीय अनुगमन तथा मूल्याङ्कन समितिबाट अनुगमन सदर तथा भुक्तानी अनुमोदन अनुमोदन गर्ने

| क्र.स. | अनुगमन भएका आयोजनाको नाम | अनुगमन मिति | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल राष्ट्रिय आ.वि. भवन निर्माण कोहलपुर -७ | २०८२/०६/२८ | ३५,९८३०.१८ | दोस्रो रनिङ बिल |
| २. | परसेनीपुर गोहवा रझेना गाउँ जोड्ने सडक कालोपत्रे कोहलपुर-१५ | २०८२/०७/२० | ३२,२१,२४५.१७ | |
| ३. | बबुरको बोट कल्भर्टबाट लक्ष्मी मावि स्कुलको दक्षिण गौरीनगर बाटो स्तरोन्नति कोहलपुर -२ | २०८२/०७/२१ | २०,४९,८८८.३५ | पहिलो रनिङ बिल |
| ४. | बबई टोल भिम बहादुर थापाको घरदेखि भगवती बस्नेतको घरसम्म नाली निर्माण कोहलपुर -९ | २०८२/०७/२२ | १५१२२८.३० | |
| ५. | कोहलपुर नगरपालिकाको विभिन्न वडाहरुमा ग्राभेल कार्य | २०८२/०७/०९ | ९४४६८२.४९ | |
| ६. | मधेसी मुस्लिम टोलका भित्री बाटोको स्तरोन्नति कोहलपुर ९ | २०८२/०७/२४ | ५००९८५,०८ | |
| ७. | फुलबारी टोलमा अधुरो नाली निर्माण कोनपा -१ | २०८२/०७/२७ | १४६९६०५.९९ | |
| ८. | वडा नं.१ मा खोपकेन्द्र निर्माण र वडा नं.१३ मा शौचालय निर्माण | २०८२/०९/०२ | १७६९१९७.९८ | |
| ९. | रजगढवा शिव मन्दिर चोकदेखि राम दिन थारुको घरसम्म जोड्ने बाटो नाली सहित कालोपत्रे कोहलपुर ७ | २०८२/०९/०३ | ४४१६८३.१० | |
| १०. | पृथ्वीनगर दुर्गा मन्दिरदेखि दक्षिण | २०८२/०९/०६ | ४२६८६९.२८ | अन्तिम |

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ७१, २०७९-२०८४
मिति २०८२/१२/२२ को
निर्णय प्रमाणित ..........

| | | | | |
|---|---|---|---|---|
| | सिद्धार्थ मावि रझेनासम्म सडक स्तरोन्नति कोहलपुर ५ | | | रनिङ बिल |
| ११. | देभा चौधरीको घरदेखि ५ नं. वडाको सिमाना सम्म आर.सी.सी. निर्माण उ.स. कोहलपुर ५ | २०८२/०९/१९ | ५५३०२५.०७ | |

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत